# टेम्केमैयुङ गाउँपालिकाको गाँउसभामा प्रस्तुत
## आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

*टेम्केमैयुङ गाँउपालिकाको गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८३।८४ का लागि वार्षिक नीति तथा कार्यक्रमः*

सम्पूर्ण गाँउसभाका सदस्यज्यूहरू,
गाउँसभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरू।

टेम्केमैयुङ गाउँपालिकाको आ.व. ०८३/८४ को नीति तथा कार्यक्रम स्थानीय तहको २० औं गाउँसभाको अधिवेशनमा यहाँहरू समक्ष पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ।

**सबै गाँउसभा सदस्यज्यूहरू,**
सर्वप्रथम त म विभिन्न कालखण्डमा देश र जनताको भलाईका लागि विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने ज्ञात—अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।
हामी नेपालको संविधानले अवलम्वन गरेको ३ तहको संघीय शासन प्रणाली अभ्यासमा रहेका छौ। नेपालको संविधानले परिकल्पना गरेको सहकारिता, समन्वय र सहअस्तित्व पूर्ण शासकीय व्यवस्थालाई आत्मसाथ गर्दै समतामूलक र समावेशी विकास, समृद्धि र सुशासनको पक्षमा ३ वटै सरकारले मिलेर कार्य गर्नु आजको प्रमुख आवश्यकता रहेको छ।
हामीलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त राज्यशक्तिको प्रयोग गर्ने र नागरिकको नजिकको सरकार आभास गराउने अभ्यासको अवसरको रुपमा २० औं अधिवेशनमा हामी उपस्थित भएका छौं।

**सबै गाउँसभा सदस्यज्यूहरू,**

हामी नागरिकहरूको आकांक्षा र गाउँपालिकाबासीको समृद्धिका लागि निर्वाचित प्रतिनिधिहरूको प्रतिबद्धता कार्यान्वयनको तेस्रो कार्यकाल पार गरी चौथौ कार्यकालमा प्रवेश गरि चार वर्ष व्यतित पनि गरिसकेका छौं। संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ र प्रदेशसँग समन्वय गर्दै नबाझिने गरि ऐन, कानूनको निर्माण गरि समानान्तर रुपमा अघि बढाउँदै लैजानु परेको छ। हामी गाउँबासी आम नागरिकको अपेक्षा र चाहना अनुरुप समग्र गाउँको शान्ति, विकास र समृद्धितर्फको यात्रा द्रुत गतिमा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं।
स्थानीय तहमा संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक पूर्वाधारहरुको निर्माण र कार्यान्वयन सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ।

देशको अर्थतन्त्रमा देखापरेको मन्दीले समग्र आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा समेत प्रभाव परेको छ। चालु आ.व. मा वित्तीय समानीकरणको अन्तिम किस्ता कटौती भएकोले टेम्केमैयुङबासी आम नागरिकको विकास प्रतिको असीमित चाहना र श्रोतबीच तालमेल मिलाउन निकै चुनौतीपूर्ण देखिन्छ।

**सबै गाँउसभा सदस्यज्यूहरू,**

स्थानीय सरकार सञ्चालन ऐनको लगभग ९ वर्षको अभ्यास र अनुभव पछिको समयमा हामी यहाँ दोस्रो कार्यकालको बागडोर सम्हाली उपस्थित भएका छौं। टेम्केमैयुङ गाउँपालिकाको वडा नं १ देखि वडा नं ९ कपासे भन्ज्याङसम्मको पालिका रिङरोड तय गरिएको छ। यसलाई क्रमागतरूपमा कालोपत्रे गर्दै लगिनेछ।

विभिन्न समयमा निम्तिएको बाढी, पहिरो, चटयाङजस्ता प्राकृतिक विपत्तिले विकास निर्माणका कार्यमा थप चुनौती सिर्जना गरेको छ। यसका निम्ति विपत्ति तथा महामारीको पूर्व आँकलन गर्दै पूर्व तयारी गर्नमा पनि यस गाउँपालिका केन्द्रित रहनेछ। यसका लागि सम्पूर्ण टेम्केमैयुङ गाउँपालिकाबासीको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा राखेका छौं।

यस नीति तथा कार्यक्रमको उद्देश्य भनेको सुशासन र सेवा प्रवाहमा गुणस्तरीयता तथा सबैको समतामूलक पहुँच नै हो। त्यसको लागि आगामी आ.व.२०८३।८४ को लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत देहाय बमोजिम बजेट प्राप्त भएको छ। उक्त बजेट रकमलाई गाँउपालिका र वडाको लागि छुट्टा छुट्टै बजेट सिलिङ तयार भएको र

वडाहरूबाट आयोजना तथा कार्यक्रमहरु छनौट भैसकेको छ। उत्पादन र रोजगारीसँग जोडिएका आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिएको छ र आगामी दिनमा विकास योजना र कार्यक्रमहरु संचालनमा थप प्रभावकारिता ल्याउनको लागि सोही बमोजिमको नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

देहायः

| क्र.सं | शीर्षक नं. | श्रोत | रकम |
|---|---|---|---|
| १ | | वित्तीय समानीकरण अनुदान (संघ) | ८८७०००००।- |
| २ | | राजस्व बाँडफाँड (संघ) | ९०७१२०००।- |
| ३ | | सशर्त अनुदान (संघ) | २८०७०००००।- |
| ४ | | समपूरक अनुदान (संघ) | १४७०००००।- |
| ४ | | विशेष अनुदान (संघ) | १७८०००००।- |
| ५ | | वित्तीय समानीकरण अनुदान (प्रदेश) | 7709000।- |
| ६ | | राजस्व बाँडफाँड (प्रदेश) | ६८७१८७६।- |
| ७ | | सशर्त अनुदान (प्रदेश) | १२९६३०००।- |
| ८ | | विशेष अनुदान (प्रदेश) | 16000000।- |
| ९ | | समपूरक अनुदान (प्रदेश) | १५६०००००।- |
| १० | | आन्तरिक आम्दानी | ७500000।- |
| ११ | | चालु आवमा मौज्दात भई आगामी आ व मा सञ्चित कोषमा रहने रकम (अल्या अनुमानित) | ७५०००००।- |
| | | **जम्मा** | **५५११५५८७६।-** |

नेपाल सरकारबाट जारी स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, निर्देशन, मार्गदर्शन, यस गाँउपालिकाबाट जारी भएका विभिन्न नियमावली, आचारसंहिता, कार्यविधिको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समितिहरुको बैठकका निर्णय, गाँउ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र गाँउपालिकाका अध्यक्षज्यूको निर्देशन र मार्गदर्शनको अधीनमा रहि नेपालको संविधान, प्रचलित ऐन कानुनको अनुसरण गर्दै टोल बस्ती स्तरबाट छनौट भई वडा समितिबाट प्राथमिकीकरण

गरेर ल्याईएका योजना कार्यक्रमहरूलाई समेत मध्यनजर गर्दै यस टेम्केमैयुङ गाउँपालिकाको आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम सहित बजेट निर्माण गरिएको छ।

**लक्ष्य तथा उद्देश्यः**

टेम्केमैयुङ गाँउपालिकाको तीब्र आर्थिक विकास गर्नु र समृद्धि हासिल गर्नु आजको हाम्रो आवश्यकता हो। "कृषि, पर्यटन तथा सांस्कृतिक पूर्वाधार, टेम्केमैयुङ विकासको आधार" भन्ने मुल नाराका साथ स्वाधीन, आत्मनिर्भर तथा स्वचालित अर्थतन्त्र निर्माण गर्ने र दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्दै सामाजिक न्याय सहितको समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो उद्देश्य हो। यति मात्र नभई टेम्केमैयुङ गाउँपालिका सहित नेपाल सरकारको "सुखी नेपाली, समृद्ध नेपाल" भन्ने नारालाई सार्थक बनाउन र मुलुकको समृद्धिमा योगदान पुर्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो।

टेम्केमैयुङ गाँउपालिकालाई पूर्वाधार विकास अन्तर्गतका सडक तथा विद्युत, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय, खेलकुद लगायतका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न गाउँपालिकाका रूपमा विकास गर्न सबै श्रोत साधनहरुलाई अधिकतम परिचालन गर्ने लक्ष्य रहेको छ। हालसम्म यस गाँउपालिकाको आफ्नै प्रशासनिक भवन नभएको हुँदा आगामी वर्ष नै भवन निर्माण सम्पन्न गरी सेवा प्रवाहमा सहजता ल्याइनेछ। बाढी, पहिरो, चट्याङजस्ता आगामी दिनमा हुन सक्ने प्राकृतिक विपत्तिको सम्भावनालाई समयमा नै हल गर्दै सबै गाउँपालिकाबासीलाई निर्माण, उत्पादन र रोजगारीसँग जोडी आत्मनिर्भर, सुखी र सम्पन्न बनाउनु हाम्रो उद्देश्य हो।

**उल्लिखित दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य सहित यस गाँउपालिकाले आ.व. २०८३।८४ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

**यस गाउँपालिकाबाट चालु आ.व. तथा आगामी आ.व. को लागि लिइएका नीतिहरु देहायअनुसार हुनेछः**

### १. सार्वजनिक सेवा तथा क्षमता विकास

क) सामान्य प्रशासन तथा जनशक्ति व्यवस्थापनः

- गाउँपालिकाको संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकासमा जोड दिइनेछ। कर्मचारीहरूको क्षमता विकास र उत्प्रेरणाको लागि कार्य सम्पादनको आधारमा फिल्ड भत्ताको साथै प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबर्द्धन र नियमन कडाईका साथ लागु गरिनेछ।
- गाउँपालिका लगायत सबै सेवा केन्द्रहरुमा सेवाग्राहीहरूलाई सरल र सहज सेवा प्रवाह गर्नको लागि स्वीकृत O&M अनुसार पूर्ण दरबन्दीको व्यवस्था गरिनेछ। खाली दरबन्दीमा प्रदेश लोक सेवा आयोगसँग माग गरि कर्मचारी पदपूर्ति गरिनेछ ।
- मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ। गाउँपालिका भित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पूर्वाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख राखिनेछ।
- गाउँपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पतिको अभिलेख अद्यावधिक गरिनेछ।
- गाउँपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरिनेछ।
- मानव अधिकारको संरक्षण तथा प्रबर्द्धनमा जोड दिइनेछ ।
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन तथा क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत) को अभिलेख व्यवस्थापन गरिनेछ। हालसम्म कायम भएको बेरुजुलाई सम्परीक्षण गरी फछ्र्यौट गर्ने कार्यलाई महत्व दिइनेछ र आगामी दिनमा त्यस्ता बेरुजुहरु नआउनका लागि कर्मचारी लगायत पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आफ्नै वेबसाइटको माध्यमबाट गाउँपालिकाका महत्वपूर्ण ऐन राजपत्रमा प्रकाशन गरिनेछ। सूचना, सन्देश तथा निर्णयहरु समयमै सार्वजनिक गरिनेछ।
- डिजिटल प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदनका कार्यहरू गरिनेछ। यसको लागि प्रविधिको प्रयोग तथा व्यवस्थापनमा सन्दर्भमा आवश्यक तालिमको प्रबन्ध मिलाइनेछ साथै प्रविधिमैत्री पालिका निर्माण गरी राजस्व चुहावट निर्मुल पार्न राजस्व सफ्टवेयरको प्रयोगलाई अनिवार्य गरिनेछ।
- सुत्रको राजस्व मोडयुल यसै वर्षदेखि संचालनमा ल्याइनेछ।

ख) योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन

- विकास निर्माण प्रकृयामा स्थानीय जनसहभागिता अभिबृद्धिका लागि विविध कार्यक्रम तर्जुमा

र कार्यान्वयन गरिनेछ।

- विकास योजनाहरूको वातावरणीय प्रभाव मूल्यांकनलाई निरन्तरता दिइनेछ।
- उपभोक्ता समितिको क्षमता विकास र जागरूकताको लागि तालिम तथा अनुशिक्षणको कार्यलाई निरन्तरता दिईनेछ।
- पालिकाको डिजिटल प्रोफाइल तयार भएको हुदाँ सोहीअनुसार वडागत जनसांख्यिक विवरणलाई आधार मानी योजना तर्जुमा गरिनेछ।
- आवधिक योजनाको आधारमा मध्यमकालीन खर्च संरचना तयार गरिनेछ साथै तर्जुमा गरिएका योजनालाई दिगो विकास लक्ष्यसँग Tie-up गरिनेछ।

ग) अनुगमन तथा मूल्यांकन

- विकास आयोजनाको अनुगमन, प्रगति तथा प्रतिफलको समीक्षा आवधिक रुपमा गरिनेछ ।
- विकास योजनाको अनुगमनलाई सुरु मूल्याङ्कन, चालू मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गरी तीन चरणमा गर्ने व्यवस्था मिलाइनेछ।
- ठूला आयोजनाको हकमा अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन सकेसम्म आफ्नै जनशक्तिबाट गराउने, सो सम्भव नहुने अवस्थामा परामर्श सेवाबाट सेवा करार गरी गराइनेछ।
- अनुगमन तथा मूल्याङ्कनलाई वस्तुपरक वनाउन वडास्तरीय तथा पालिकास्तरीय अनुगमन समितिलाई आवश्यक पर्ने क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

घ) कानुन तथा न्याय

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ न्यायिक कार्य सम्बन्धी व्यवस्था अनुसार मुद्दाको निर्णय र मेलमिलाप गराईनेछ।
- हरेक वडामा मेलमिलाप केन्द्र एवं मेलमिलाप कर्ता रहेकोमा केन्द्रलाई थप सुदृढिकरण गरिनेछ।
- थप कानुनी सहजताको लागि गाउँपालिकामा कानुनी सल्लाहकार राख्ने व्यवस्था गरिनेछ।
- न्यायिक समितिको क्षमता विकासको लागि विभिन्न पालिका गई अवलोकन गर्ने तथा तालिमको प्रवन्ध गरिनेछ।
- न्यायिक कार्य गर्नको लागि गोप्य तथा सुरक्षित न्यायिक कक्षको निर्माण गरिनेछ ।

## २. पूर्वाधार विकास

क) सडक तथा यातायात

- यस गाउँपालिकाका ९ वटै वडाहरुलाई केन्द्रसम्म जोड्ने नीति अनुरुप प्रदेश तथा संघीय सरकारसँग साझेदारी तथा समन्वय गर्न विशेष पहल गरिनेछ।
- स्तरउन्नती तथा ग्राभेल गरि सकिएका गाउँ सडक संरक्षणको नीति बनाइनेछ र उक्त सडकहरूलाई हेरविचार तथा सुरक्षाको लागि आवश्यक संख्यामा सडक हेरालुहरुको प्रबन्ध गर्न आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गरिनेछ।
- सडकहरुको नियमित मर्मत संभार तथा सुरक्षाको लागि मर्मत संभार कोष खडा गरिने र आवश्यक कार्यविधि बनाई संचालन गरिनेछ।
- ग्राभेल तथा स्तरउन्नती गरिसकिएका सडकहरूमा साइनवोर्ड र साइनेजहरुको व्यवस्था गरिनेछ।
- सडक अधिकार क्षेत्र, सार्वजनिक क्षेत्र मिचेर घर, टहरा तथा भौतिक संरचना बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ।
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन निर्माण, स्तरउन्नती र व्यवस्थापनका लागि तयार भई पेश भएको यातायात गुरुयोजना अनुरुप योजना कार्यान्वयन गरिनेछ।
- उचित स्थानमा बसपार्क व्यवस्थापनको लागि पूर्वाधार निर्माण गरिदै लगिनेछ।
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन दिइनेछ।
- निजी यातायात नियमन व्यवस्थापनको लागि मापदण्ड निर्माण गरिनेछ।
- मुख्य सडकहरूलाई हरित सडकका रुपमा विकास गरिँदै लगिनेछ।
- यस आर्थिक वर्षमा ७२०० मिटर सडक सोलिङ गरिएकोमा आगामी वर्ष ८००० मिटर सडक सोलिङ गरिनेछ।
- यस आर्थिक वर्षमा ६०० मिटर सडक ढलान भएकोमा आगामी वर्ष १००० मिटर सडक ढलान कार्य गरिनेछ।

ख) उर्जा

- साना जलविद्युत् आयोजना, नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तयार गरि कार्यान्वयन र नियमन गरिनेछ।
- स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन गरिनेछ।
- बजार क्षेत्र तथा सार्वजनिक स्थानहरुमा सौर्य बत्ती र सडक बत्तीको व्यवस्था गरिनेछ।

ग) भवनसंहिता, निर्माण इजाजत (डिजाइन समेत) एवं शहरी विकास

- भवन निर्माण इजाजत, भवन संहिता २०७२ को कार्यान्वयनमा जोड दिइनेछ।
- भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन गरिनेछ।
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।
- योजनाबद्ध र व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गरिनेछ।
- नागी स्वास्थ्य चौकी भवन आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरिनेछ।
- गाउँपालिकामा सडक क्षेत्राधिकार भित्र तथा अव्यवस्थित रुपमा भवन, घर, टहरा बनाउन नदिन मालपोत र नापी कार्यालयसँग आवश्यक समन्वय गरिनेछ।
- जग्गा वर्गीकरण कार्यलाई नापी कार्यालयसँग आवश्यक समन्वय गरी पूर्णता दिईनेछ।
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकिकरण तथा जग्गा विकास र व्यवस्थापन गरिनेछ।
- भौगोलिक रुपले सुरक्षित, पायक पर्ने र जोखिममुक्त स्थानहरुमा बस्ती विकासको अवधारणा ल्याइने छ। सुरक्षित स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुमा शिक्षा, स्वास्थ्य, निर्माण, उत्पादन र रोजगारीका अवसर सहितको आधुनिक सुरक्षित बस्ती विकासको अवधारणा ल्याइने छ।
- आधुनिक सुरक्षित बस्ती एवं शहरीकरणको विकाससँगै फोहरमैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण, ढल निर्माण, खानेपानी व्यवस्थापन र जोखिम न्यूनीकरणको कार्य गरिनेछ।

घ) विज्ञान प्रविधि, सूचना तथा संचार

- अभिलेख व्यवस्थापनमा नवीनतम तथा आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।
- सर्वसाधारण जनतालाई सहज र सरल सूचना पहुँचको लागि सबै सेवा केन्द्रहरुमा अनिवार्य नागरिक वडापत्र (Citizen Charter) को व्यवस्था गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन गरिनेछ।
- कार्यपालिकाको निर्णयहरुको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा सार्वजनिकीकरण गरिनेछ।

- गाउँपालिकाको कार्यहरूको आवधिक रुपमा स्वतःप्रकाशन गर्ने कार्यलाई प्रविधिमैत्री बनाइनेछ।
- गाउँपालिकाभित्रका सबै सेवा केन्द्रहरुमा इन्टरनेटको पहुँच सहित विद्युतीय माध्यमबाट प्रतिवेदन पेश गर्ने व्यवस्था गरिनेछ।
- विभिन्न सरकारी निकायहरूले प्रयोगमा ल्याएको एप्सहरूलाई प्रयोगमा ल्याई सेवाप्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाइनेछ।

## ३. आर्थिक विकास

क) कृषि

- मानिसको जीवन कृषिमा निर्भर रहेको हुनाले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै उत्पादनमा जोड दिई लगानी गरिनेछ।
- एक घर एक करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बाँदर व्यवस्थापनको लागि उचित उपाय अवलम्बन गरिनेछ।
- हालसम्म आधुनिक कृषि प्रणाली न्यून रूपमा प्रयोग भएकोमा आगामी वर्ष कृषिको आधुनिकीकरण गरी प्रविधिसँग जोड्दै लगिनेछ।
- कृषि उत्पादनका लागि आवश्यक सडक, विद्युत्, सिंचाई, संकलन तथा बिक्री केन्द्रहरु जस्ता पूर्वाधारको निर्माण गरिनेछ र बजारीकरणमा आवश्यक पहल गरिनेछ।
- स्थानीय रैथाने उत्पादनलाई प्राथमिकतामा राखी उत्पालन बढाउन लगानी गरिनेछ।
- मानिसको आय र रोजगारीसँग जोडिने गरी आधुनिक कृषिमा आधारित व्यावसायिक नगदे बाली, तरकारी, फलफुल खेती तथा पशुपालन व्यवसायमा जोड दिइनेछ।
- कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- जुन वस्तु जुन ठाउँमा उत्पादन हुन्छ त्यसलाई प्राथमिकतामा राखी उत्पादन प्रबर्द्धन गरिनेछ।
- उत्पादित वस्तुहरूको बजारीकरण र ब्रान्डिङ गरिदैं लगिनेछ।
- उत्पादित कृषिजन्य सामाग्रीहरूको ढुवानीको लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- किसान सूचीकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनसँग जोड्न कृषिमा आधारित बनाइनेछ।
- कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माणका लागि गाउँपालिका तथा ९ वटै वडा तहमा पूर्वाधार निर्माण र हाटबजारलाई व्यवस्थित गरिनेछ।
- साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक सहयोग, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास जस्ता कार्यक्रम संचालन गरिनेछ।

- कृषि तथ्याङ्कको व्यवस्थापन सूचना प्रणाली संचालनमा ल्याइनेछ।
- पशुपालनलाई मध्यनजर गर्दै पोषिलो घाँसको स्रोत केन्द्रको स्थापना गरिएको छ र यसलाई अझै व्यवस्थित गर्दै लगिनेछ।
- कृषकहरुलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न र उचित मल, बीउ, विषादी प्रयोग गर्न प्राविधिक सेवा प्रदान गरिनेछ।
- कृषकहरुलाई सुरुवातमा एउटा टोल क्षेत्र वा पकेट समेटिने गरी एकै प्रकारका खेतीवाली लगाउन प्रोहत्सान गरिनेछ।
- स्थानीय उत्पादन बृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरण गर्न स्थानीय सहकारी क्षेत्रको विकास र प्रबर्द्धन गरिनेछ।

ख) वन तथा जलश्रोत

- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, संबर्द्धन, उपयोग र नियमन गर्न पहल गरिनेछ।
- वन उपभोक्ता समूहको व्यवस्थापन गरिनेछ।
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापनमा जोड दिइनेछ।
- नदी किनार, नदीउकास,नहर किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ।
- निजी तथा व्यावसायिक वनको प्रबर्द्धन र नियमनमा जोड दिइनेछ।
- सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावार सम्बन्धी सर्भेक्षण गरि ती वस्तुहरूको उत्पादन, संकलन, प्रबर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ।
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ। वृक्षारोपण र प्रबर्द्धनको लागि जिल्ला डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय गरिनेछ।
- वन्यजन्तु विशेषगरि बाँदरबाट स्थानीय समुदायमा पर्ने प्रभावको रोकथामका लागि प्राथमिकताका साथ कार्य गरिनेछ।
- आयआर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन तथा व्यवस्थापन गरिनेछ ।
- पालिकास्तरीय कृषि सहकारी गठन गरिएको र सो सहकारी मार्फत पालिका भित्रको उत्पादन गरिएको वस्तुलाई बजारीकरण गर्नलाई प्रोत्साहित गरिनेछ।

ग) उद्योग

- लघु, घरेलु तथा साना उद्योगको विकास र प्रबर्द्धन गर्न पहल गरिनेछ।

- खानी तथा खनिज, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट जस्ता खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धमा दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गरिनेछ।
- खानी तथा खनिजपदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन र व्यबस्थापन गरिनेछ।

घ) राजश्व प्रशासन

- सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क र दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर(मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यावसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, तिनको कार्यान्वयन, राजस्व संकलन, बाँडफाँड र नियमन तथा अन्य आय व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरिदै लगिनेछ।
- सम्पती कर/मालपोत कर प्रणाली कार्यान्वयनका लागि टोल बस्ती संगठनहरूको गठन गरी यसको कार्यविधि तथा मापदण्डहरुको वारेमा तालिम, अध्ययन, अवलोकन भ्रमणबाट प्राप्त प्रतिवेदनको आधारमा प्रत्येक टोल बस्तीहरूमा गोष्ठीहरु संचालन गर्दै एकीकृत सम्पति कर प्रणाली लागु गरिनेछ।
- कानुनबमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी तथा खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी, सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी, पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी संकलन सम्बन्धमा विस्तृत अध्ययन अनुसन्धानको लागि राजश्व समिति अन्तर्गत आवश्यकताअनुसार अन्य उपसमितिहरु गठन गरिनेछ।
- प्रचलित कानुन बमोजिमका दण्ड जरिवाना तथा बाँकी बक्यौता रकमको अद्यावधिक लगत राखि असुल उपर हुन बाँकी बक्यौता कडाइका साथ असुल उपर गरिनेछ।
- करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक कार्य निरन्तर रुपमा संचालन गरिनेछ।
- संकलित वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँड गरिनेछ।
- आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन गरिनेछ।
- स्थानीयस्तरमा उद्यमी तथा व्यापारीहरुको छाता संगठनलाई स्थानीय राजस्व प्रबर्द्धनका लागि प्रोत्साहित गरिनेछ।
- राजश्वको सम्भाव्यता अध्ययनलाई निरन्तरता दिइनेछ।
- राजश्व तथा व्ययको अनुमान, बजेट सीमा निर्धारण, बजेट तर्जूमा, कार्यान्वयन र नियमन

प्रकृयालाई व्यवहारिक तथा पारदर्शी बनाइनेछ।

- बेरुजु शून्य राख्न सबै वडा कार्यालयहरुलाई बढी जिम्मेवार बनाइनेछ र बेरुजु शून्य राख्ने वडा कार्यालयहरूलाई प्रोत्साहन स्वरुप थप कार्यक्रमहरू दिइनेछ ।

ङ) पर्यटन

- नेपाल सरकारले प्रमुख १०० गन्तव्य भित्र सूचीकृत गरेको पर्यटकीय पदमार्ग मुन्दुम पदमार्ग, परिधीय संरचना, विश्रामस्थल, वासस्थान, शौचालय, खानेपानी, फोहोरमैला व्यवस्थापन सरंचना निर्माणको कार्य सम्पन्न गरी उक्त पदर्मार्ग प्रबर्द्धनका लागि मुन्दुम ट्रेल रेस, चित्रकला प्रदर्शनी, सांस्कृतिक सम्मेलनजस्ता विविध कार्यक्रम आयोजना गर्दै लगिनेछ।
- पर्यटकीय पदमार्ग "मुन्दुम ट्रेल" क्षेत्रलाई व्यवस्थित गर्न होमस्टे, गोठस्टे लगायतका आवश्यक पर्यटकीय पूर्वाधार तयार गरिनेछ।
- टेम्केमैयुङ गाउँपालिका भित्र रहेका सम्पूर्ण पर्यटकीय स्थलको जानकारी दिन हाल निर्मित पर्यटन सुचना केन्द्रलाई संचालनमा ल्याइने छ।
- मुन्दुम पदमार्ग पुर्वाधार क्षेत्रमा हेरालुको व्यवस्था गरिनेछ।
- रैथानै खाना, स्थानीय उत्पादन र स्थानीय कला संस्कृति प्रवर्द्धनको माध्यमबाट पर्यटन विकास गरिनेछ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका प्राकृतिक सम्पदा तथा पूर्वाधारहरूको पहिचान गर्दै पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।
- गाउँपालिकामा Home Stay संचालन, दर्ता सम्बन्धि तालिम, प्रोत्साहन तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिँदै लगिनेछ।
- गाउँपालिका स्थित होमस्टेहरूको दर्ता तथा नवीकरण गाँउपालिकामा नै गर्ने व्यवस्था मिलाईनेछ। उक्त कार्यका लागि कार्यविधि निर्माण गरिनेछ।
- निर्माणाधीन पदमार्गमा मुन्दुम संस्कृति झल्किने किसिमको संरचना निर्माण गरिनेछ।
- मुन्दुम पदमार्ग आसपासमा सरसफाईमा ध्यान दिँदै प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुको प्रयोगमा निषेध गरिनेछ।
- "मुन्दुमट्रेल" पदमार्गको थप विकास र प्रबर्द्धनका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्नको लागि स्थानीय खाना वा परिकार, अतिथि सत्कार र सम्मान, व्यावसायिकता अभिवृद्धिको लागि तालिम कार्यक्रम संचालन गरिनेछ।
- समुदायमा आधारित पर्यटन नीति पारित गरि कार्यान्वयनमा ल्याइनेछ।
- मुन्दुम पदमार्गलाई मूर्त रूप दिनको लागि बृहत् सांस्कृतिक संग्रहालय पार्क निर्माण तथा संस्कृति

अध्ययन केन्द्र मुन्दुम पदमार्ग क्षेत्रको चखेवामा स्थापना गरिनेछ।

- टेम्के, मैयुङ, महभिर झरना, साँवा झरना, हाँसपोखरी, सेल्मे, कपासे, हलहले क्षेत्र तथा पाँचधारे पोखरीलाई संरक्षण गर्दै पर्यटन विकासको लागी लगानी गरिनेछ।
- पर्यटन तथा कृषि क्षेत्रमा बाह्य तथा निजी लगानी भित्र्याउन पहल गरिनेछ र त्यस्ता लगानीकर्तालाई जग्गा प्राप्ति, दर्ता लगायतका क्षेत्रमा सहजीकरण गरिनेछ।
- पर्यटन र कृषि विकासको माध्यमबाट स्थानीय नागरिकको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन पहल गरिनेछ।
- पर्यटकीय स्थलहरू कपासे, सेल्मे, पाँचधारे, चखेवामा निर्मित घरहरू एउटै डिजाइन, मापदण्ड, आकारमा निर्माण गरी पर्यटन भिलेजको रूपमा विकास गरिनेछ।
- २०७७ मंसिर २२ गते मुन्दुम पदमार्ग निर्माण कार्यको शुभारम्भ भएको दिनको उपलक्ष्यमा प्रत्येक वर्षको मंसिर २२ गतेलाई "मुन्दुम पदमार्ग स्थापना दिवस" का रूपमा मनाइनेछ।

च) धार्मिक तथा सांस्कृतिक सम्पदा एवम् ललितकला

- गाउँपालिकामा अवस्थित सबै जात, जाति, भाषा, धर्म, संस्कार र संस्कृतिलाई मौलिक संस्कृतिको रूपमा विकास गरि संरक्षण र संबर्द्धन गरिनेछ।
- भाषा, संस्कृति एवं परम्परागत रूपमा चलिआएका जात्रा, पर्व, ललितकलाको संचालन, व्यवस्थापन र प्रबर्द्धन गरिनेछ।
- पुरातात्विक, धार्मिक महत्वका सम्पदाहरुको संरक्षण तथा संबर्द्धन गरिनेछ।

## ४. सामाजिक विकास

क) आधारभूत तथा माध्यमिक शिक्षा

- पालिकाभित्र एक स्नातक तहसम्मको पठनपाठन हुने क्याम्पस स्थापनाका लागि पहल गरिनेछ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको कार्यलाई प्राथमिकताको साथ निरन्तरता दिइनेछ।
- कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम तयार भई हाल कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यपुस्तक लागु गरिएकोमा चालु आर्थिक वर्षमा कक्षा आठसम्म लागु गरिनेछ।
- शैक्षिक गुणस्तर अनुसन्धान प्रतिवेदनबाट प्राप्त भएको सुझावअनुसारका कार्यक्रमहरू क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।
- उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ।
- पुस्तकालय सुचना प्रविधि मैत्री बनाउन सबै मा.वि. तथा आ.वि.हरुमा Internet सेवा पुर्याइनेछ।

- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र संचालन तथा व्यवस्थापनमा जोड दिइनेछ।
- उच्च शिक्षामा प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति दिइदै आएकोमा आगामी वर्षसमेत सो कार्यक्रम निरन्तरता दिइनेछ।
- SEE मा उत्कृष्ट हुने छात्र तथा छात्रालाई छात्रवृत्ति पुरस्कार दिइदै आएकोमा आगामी वर्षसमेत सो कार्यलाई निरन्तरता दिइनेछ।
- सबै वर्ग र तहका बालबालिकाहरुका लागि सरल, सुलभ शिक्षाको अनिवार्य व्यवस्था गरिनेछ।
- विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको संभावनालाई उजागर गर्न विभिन्न विधामा प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघसँग समय समयमा अन्तर्क्रिया गर्दै शिक्षामा गुणस्तर कायम गरिनेछ।
- राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगितालाई प्रमुख खेलकुद प्रतियोगिताको रुपमा संचालन गरिनेछ।

ख) खेलकुद

- गाउँपालिका स्तरीय खेलकुद तथा वडा स्तरीय खेलकुद कार्यक्रम संचालनको लागि मैदान निर्माण गर्न उपयुक्त स्थानमा जग्गा व्यवस्थापन गरि मैदान निर्माण गरिनेछ।
- खेलकूदको विकास र प्रबर्द्धनको लागि अनुशासित खेलाडी उत्पादनमा जोड दिइनेछ।
- वर्षको कम्तिमा १ पटक गाँउपालिका स्तरमा टेम्केमैयुङ कपलगायत विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन तथा आयोजना गरिनेछ। साथै अन्य स्थानमा संचालन हुने खेलकुद प्रतियोगिताहरुमा समेत सक्रिय सहभागिता गराइनेछ।
- गाउँपालिका स्तरीय खेलकुद पूर्वाधारको लागि डिपिआर तयार भएको नागी खेलमैदानको पूर्वाधार विकास गरिनेछ।

ग) स्वास्थ्य

- मौलिक हकको रूपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पुग्नेगरी निःशुल्क रूपमा उपलव्ध गराइनेछ।
- आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउन विपन्न नागरिक, गर्भवती महिला र ज्येष्ठ नागरिकलाई एम्बुलेन्स सेवामा निश्चित छुटको माध्यमबाट सेवाप्रवाह गरिनेछ। जसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन गरिनेछ।
- हालसम्म ६ वटा सामुदायिक स्वास्थ्य ईकाई निर्माण भई सेवा संचालन भएरहेकोमा आगामी वर्ष

आवश्यकताका आधारमा थप स्वास्थ्य ईकाईहरू स्थापना गरि संचालन गरिनेछ।

- औषधीजन्य वनस्पति, जडिबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गरिनेछ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन गरिनेछ।
- विभिन्न रोगहरुको निराकरण गर्न आवश्यकता अनुसार उपयुक्त स्थानहरुमा उपचार केन्द्रहरुको स्थापना गरिनेछ।

घ) खानेपानी तथा सरसफाइ

- सार्वजनिक स्थलमा पिउने पानीको व्यवस्था गरिनेछ।
- स्वच्छ खानेपानीको लागि एक घर एक धाराको व्यवस्था प्रत्येक वडामा धारा निर्माण कार्य भइरहेकोमा बाँकी रहेका वडाहरूमा क्रमशः धारा निर्माण गर्दै लगिनेछ।
- खानेपानीको मूल तथा मुहान मर्मत तथा संरक्षण प्राथमिकताका साथ गरिनेछ ।
- गाउँपालिकामा संचालित मुख्य खानेपानी आयोजनाहरुको उपभोक्ताहरूले नै अनिवार्य संरक्षण तथा मर्मत सहित व्यवस्थित रूपले उपभोग गर्न नीति बनाइ कार्यान्वयन गरिनेछ।
- सबै नागरिकमा सरसफाई सचेतनाको अभिबृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाभित्र सिसा र प्लास्टिक जन्य वस्तुहरुको प्रयोगको कारण वातावरण प्रदुषण बढेकोले त्यस्ता वस्तुहरुको प्रयोगमा क्रमशः न्यूनीकरण गर्दै लगिनेछ।
- तत्काल सिसा तथा प्लास्टिक जन्य वस्तुहरूलाई व्यवस्थित गर्न गाउँपालिका लगायत सबै वडाहरूको पायक पर्ने स्थानमा फोहरमैला व्यवस्थापनको लागि Landfill Site निर्माणाधिन रहेको छ।साथै उक्त सिसा तथा प्लास्टिक जन्य वस्तुहरूलाई पुनःप्रयोग (Recycle) गर्न निकासीको लागि सम्बन्धित पक्षहरुसँग समन्वय गरिनेछ ।

ङ) लैंगिक समानता

- एकल, द्वन्द पीडित तथा विपन्न महिलाहरूको आर्थिक पहुँचको लागि विउँपुँजीको व्यवस्थापन गर्दै लक्षित कार्यक्रम संचालन गरिनेछ।
- आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक रूपले पछाडि परेका वर्गलाई क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरूमा पहिलो प्राथमिकता दिइनेछ।
- हिंसात्मक व्यवहारलाई निरुत्साहन गरिनेछ।
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण एवं क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।
- लैंगिक हिंसा निर्मूल गर्न र निवारणका लागि निरोधात्मक, प्रबर्द्धनात्मक, संरक्षणात्मक उपाय अपनाइनेछ र हिंसामा परेका व्यक्तिहरूको पुनःस्थापना कार्यक्रम संचालन गरिनेछ।

- लैंगिक उत्तरदायी बजेटको व्यवस्था गरिनेछ।
- पालिकास्तरीय महिला विकास बोर्डको गठन गरिनेछ।

च) बालबालिका

- बालबालिकाको हकहितको संरक्षण गरिनेछ।
- बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल संजाललाई व्यवस्थित गरिनेछ।
- असहाय बालबालिका र सडक बालबालिकाहरूको उचित व्यवस्थापन गरिनेछ।
- बाल हिंसा नियन्त्रण गर्न बालबालिका तथा किशोरकिशारी लक्षित सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- बालविवाह न्यूनीकरण गर्न तथा विभिन्न विसंगतिबाट टाढा रहन सचेतनाको कार्यलाई जोड दिईनेछ।
- २०८७ सम्ममा पालिकालाई बालमैत्री शासनयुक्त पालिका घोषणा गर्ने प्रतिबद्धता बमोजिम आवश्यक कार्यक्रमहरू तर्जुमा गरिनेछ।

छ) ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकको सुरक्षा—संरक्षण, सम्मान गर्दै निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने र उनीहरूको मानवोचित जीवनयापनमा सहयोग गर्ने कार्यलाई उच्च महत्व दिइनेछ।
- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई जोड दिइनेछ।
- ज्येष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा निरन्तर रूपमा संचालन गर्दै लगिनेछ।
- ज्येष्ठ नागरिकको बीच आपसी सद्‌भाव कायम गर्न प्रतिक्षालय तथा मनोरञ्जनात्मक क्रियाकलापहरूमा विशेष ध्यान दिइनेछ।

ज) अपाङ्गता

- गाउँपालिकाभित्र रहेका सबै खाले अपाङ्गता भएका व्यक्तिहरूको पहिचान र वर्गीकरण गरी लगत राखिनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गरिनेछ।

- अपाङ्गतामैत्री पूर्वाधार निर्माण तथा संचालन गरिनेछ।
- अपाङ्गता भएका तथा असहाय विद्यार्थीहरुलाई शिक्षा तथा स्वास्थ्यका लागि आवश्यक सहयोग गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क एम्बुलेन्स सेवा निरन्तर रूपमा संचालन गर्दै लगिनेछ।
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई दैनिक जीवनमा सहज होस् भन्ने हिसाबले आवश्यकताको आधारमा सहयोगी सामाग्री वितरण गरिनेछ।

झ) महिला

- एकल महिलाको जिविकोपार्जनको लागि आवश्यक व्यवस्था गरिनेछ।
- महिलाहरूलाई आत्मनिर्भर बनाउनका लागि विभिन्न व्यावसायिक तथा सीपमूलक तालिमको प्रबन्ध गरिनेछ।
- महिलाहरूलाई आयआर्जनमूलक र आधुनिक कृषि व्यवसायमा लाग्न प्रेरित गर्नका लागि विभिन्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ।

ञ) गरिबी निवारण

- "बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७" लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- भूमिहीन तथा सुकुम्बासीहरूको लागि जग्गा तथा आवासको व्यवस्थापन गर्न आवश्यक कार्यक्रम बनाइनेछ।

ट) विपद् व्यवस्थापन

- प्राकृतिक विपद्हरूलाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरण गर्न जनचेतनाको कार्यक्रमहरु संचालन गरिनेछ।
- जोखिमयुक्त स्थानहरूमा रहेका बस्तीको पहिचान गरि उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ।
- विपद्को समयमा अस्थायी आवासको रुपमा प्रयोग गर्न सकिने गरी सबै वडामा उपयुक्त खुल्ला स्थान र सामुदायिक भवनहरूको व्यवस्थापन गरिनेछ।

ठ) अन्तर पालिका समन्वय र सहकार्य

- २०८३ असार ४ गते तावाभन्ज्याङमा साकेला गाउँपालिका खोटाङ र यस पालिकाको संयुक्त समन्वयात्मक बैठकमा पारित भएको संकल्प प्रसातावको निर्णयहरू कार्यान्वयन गर्दै लगिनेछ।

**सबै गाँउसभा सदस्यज्यूहरू,**

आज सम्म स्थानीय सरकार सञ्चालन ऐनको अभ्यास गर्दा जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, शिक्षक, विद्यार्थी, पत्रकार, उद्योगी—व्यवसायी र स्थानीय सर्वसाधारणहरुले पुर्याएको सहयोगप्रति सबैमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं। आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग, सुझाब, चासो, चिन्ता र खबरदारीको अपेक्षा राख्दछौं।